बैठक संख्या: २९।२०८१
बैठक मिति:२०८१।१०।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१०।०७ गते सोमबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | सरिता |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | कमली |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: २९।२०८१
बैठक मितिः२०८१।१०।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| २ | | | |
| ३ | | | |
| ४. | | | |
| ५. | | | |

**प्रस्तावहरु.**

१.प्रस्ताव नं. १ : तराई - मधेश समृद्धि कार्यक्रम अन्तर्गत योजना छनौट सम्बन्धमा ।
२.प्रस्ताव नं. २ : नगर प्रहरी नियमावली सम्बन्धमा ।
३.प्रस्ताव नं. ३ : अशक्त / असहाय/ जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण सम्बन्धमा ।
४.प्रस्ताव नं. ४ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अनतर्गत तराई - मधेश समृद्धि कार्यक्रमको आयोजना/कार्यक्रम माग / प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना प्राप्त भई नगरपालिकाको लागत साझेदारीमा तपसिलका योजना तथा कार्यक्रम लाई प्राथमिकिकरण गरी तराई -मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको वेवसाइटमा प्रविष्ट गर्ने निर्णय गरियो ।

१. चन्द्र कमल मा.वि. विद्यालय भवन निर्माण रामधुनी-९ मर्चौया तथा रामधुनी आदर्श आ.वि.रामधुनी -०५ डङ्ग्राही पोखरी विद्यालय भवन निर्माण ।

२. रामधुनी -०६ नं. वडा जमुवा, शिसुवा हुँदै शंखरवेली जाने वाटो तथा डुमरिया सैनीमैनी हुँदै चियापुर-सिंगापुर हुँदै राजमार्गग जोड्ने सडक कालोपत्रे - रामधुनी -०१ नं. वडा ।

३. मानपुर खानेपानी आयोजना रामधुनी -०४ नं. वडा अधुरो खानेपानी आयोपजना ।

बैठक संख्या: २९।२०८१
बैठक मिति:२०८१।१०।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

४. मनिसुन्दर नुनीगाँउ जाने वाटो कालोपत्रे सडक रामधुनी-०७ नं. वडा ।

५.नदी नियन्त्रण क्रेटिङ्ग तथा तार जाली लगाउने दत्तकिच्चा खोला रामधुनी वडा नं. ६,७,३,२ तथा शेहरा खोला वडा नं. २ र ८ ।

**निर्णय नं.२**

नगर प्रहरी नियमावली सम्बन्धमा प्रस्तावमा आगामी कार्यपालिका बैठक मा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

रामधुनी नगरपालिका अनतर्गतका सम्बन्धीत वडा कार्यालयहरु बाट अशक्त / असहाय/ जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.४(क)**

रामधुनी नगरपालिकाले उपलव्ध गराउने सेवा प्रवाह र विकास निमार्णको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस रामधुनी नगरपालिकाको लागी स्वीकृत कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि **रामधुनी नगरपालिका करारमा प्राविधिक कर्मचारी / कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०८१** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ख)**

विद्यार्थी, युवा, वैदेशिक रोजगारवाट फर्किएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यलाई वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यान्त सिकाइ, श्रम वजारको आवश्यकता, वैयक्तिक रुची, खुवी र क्षमता अनुसार उनीहरुको वृत्ति विकासको लागि दीगो, मर्यादित र व्यवस्थित रुपमा वृत्ति मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले रामधुनी नगरपालिका, सुनसरीले शिक्षा ऐन, २०२८ को दफा १९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११९ ले दिएको अधिकार प्रयोग गरी **वृत्ति मार्गनिर्देशन इकाइ व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१** स्वीकृत गर्ने निर्णय गरियो ।

सरिता

बैठक संख्या: २९।२०८१
बैठक मिति:२०८१।१०।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.४(ग)

विद्यार्थी र उनीहरुका अभिभावकलाई वृत्ति, सीप, जागिर, रुची र खुवी अनुसार उनीहरुको वृत्ति विकासको लागि दीगो, मर्यादित र व्यवस्थित रुपमा मार्गनिर्देशित गर्न माध्यमिक विद्यालयहरुमा कक्षा ९ र १० का विद्यार्थीहरुको लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले रामधुनी नगरपालिका, झुम्का, सुनसरीले **शिक्षा ऐन, २०२८** को दफा १९ र **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११९** ले दिएको अधिकार प्रयोग गरी **विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम व्यवस्थापन तथा सञ्चालन निर्देशिका,** २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.४(घ)

नेपाल सरकार भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत गरिब परिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशीका,२०७५ बमोजिम संकलन भएको तथ्याङ्क का आधारमा मत्रालयबाट प्राप्त सूचिलाई गुनासो सुनुवाई मार्गदर्शन,२०७८ बमोजिम स्थानिय तहमा गुनासो सुनुवाई कार्यलाई सहजिकरण गर्न तपसिल बमोजिमका समिति गठन गर्ने निर्णय गरियो ।

गुनासो सुनुवाई समिति

| | |
|---|---|
| क. श्री तारा थापा (उप-प्रमुख) | संयोजक |
| ख. श्री प्रमोद कुमार चौधरी (प्र.प्र.अ) | सदस्य |
| ग. श्री सोम कुमारी सुनुवार | सदस्य |
| घ. श्री सरोज कोईराला | सदस्य सचिव |

वडास्तरीय गुनासो सुनुवाई सहजीकरण समिति

| | |
|---|---|
| क. सम्वन्धीत वडाको वडा अध्यक्ष | संयोजक |
| ख. दलित वा महिला वडा सदस्य मध्ये १ जना (सम्बन्धीत वडा अध्यक्षले तोकिएको व्यक्ती) | सदस्य |

ग. तथ्याङ्क संकलन गर्न सम्बन्धीत वडामा खटिएको गणक १ जना — सदस्य

घ. सम्बन्धीत वडाको वडा सचिव — सदस्य सचिव

**निर्णय नं.४(ङ)**

रामधुनी नगरपालिका वडा नं. ९ मा डुम्राहा गुढिटोल अशोक चौधरिको घर हुदै रक्सु चौधरी को घर सम्म ईन्टरलक लगाउन प्राविधिक लागत अनुमान तयार गरि समपुरक कोष बाट भुक्तानी गरि निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं.४(च)**

Lotus Life विमुक्त जीवन को च.न. ८१८ को प्राप्त पत्र बमोजिम पौष ६ गते शनिबार इटहरी स्थित होटल बरन्डामा आयोजना भएको "एक दिवशीय ध्यान प्र ज्ञा तथा मनोसामाजिक स्वास्थ्य व्यवस्थापन" कार्यक्रम बापत खेर्च भए बमोजिम रकम रू ५०,०००।- विविध कोष बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(छ)**

रामधुनी नगरपालिका वडा नं. १ को च.न. १०८२ मिति २०८१।१०।०७ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. १ स्थित एकता टोलमा निर्माणाधिन रहेको एजिङ्गमा विनियोजित बजेट बाट रकम अपुग भएकोले सो एजिङ्ग तथा ग्रावेल साई पेट्रोल पम्प उत्तर बाटोमा प्राविधिक लागत अनुमान बमोजिम रकम रू ६४,३२९.११।- थप रकम मर्मत संभार शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ज)**

रामधुनी नगरपालिकाका प्रवक्ता तथा वडा नं. ७ का वडा अध्यक्ष श्री केशव गौतम ज्यू र अध्यक्ष ज्यूको सहयोगी एक जना ब्यक्ती लाई रामधुनी नगरपालिका को तर्फ बाट अयोध्या नगर निगम लाई रामधुनी नगरपालिका अनतर्गत रहेको रामधुनि मन्दिर भ्रमणका लागि आमन्त्रण गर्नका लागि अयोध्या पठाउने निर्णय गरियो ।

बैठक संख्या: २९।२०८१
बैठक मिति:२०८१।१०।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.४(झ)**

रामधुनी नगरपालिका वडा नं. ७ को च.न. १४३८ मिति २०८१।१०।०६ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. ७ स्थित श्री गंगा वान्तावा राई बिरामी भई वि.पि. कोइराला प्रतिष्ठान धरानमा उपचार भइरहेको हुँदा आर्थिक सहयोग वापत रकम रू २०,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(झ)**

रामधुनी नगरपालिका वडा नं. ७ मा बिगत १७ बर्ष देखि सामुदायिक राष्ट्रिय महिला स्वास्थ्य स्वसेविका भई कार्यरत कर्मचारी श्री खगेन्द्र आचार्य को क्यानसर भइ उपचार भइरहेको हुँदा आर्थिक सहयोग बापत रकम रू ३०,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(ञ)**

रामधुनी नगरपालिका वडा नं. ६ को च.न. १०३६ मिति २०८१।०८।१३ गतेको प्राप्त पत्रानुसार वडा नं. ६ मा बस्ने देउमान खापुङ लिम्बुको माग निवेदन अनुसार ७२ बिग्गामा कल्भर्ट निर्माण गर्दा निजको घर जग्गामा कटान हुन जाने देखिएकोले उक्त स्थानमा कटान नियन्त्रण गर्न आवश्यक निर्माण कार्य गर्न प्राविधिक लागत अनुमा बमोजिम आउने रकम भुक्तानी गर्ने निर्णय गरियो।